नेपाल राजपत्र भाग ३, खण्ड २८ मिति २०३५।९।१७ को बिस्कुट निर्यातमा अन्तःशुल्क छूट दिनेसम्बन्धी सूचना र नेपाल राजपत्र भाग ३, खण्ड ३८ मिति २०४५।१२।२१ को चाउचाउ, नुडल्स, स्न्याकस् र यस्तै प्रकारका हल्का खाद्य वस्तुहरूमा अन्तःशुल्क छूट दिनेबारेको सूचना खारेज गरिएको छ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य मन्त्रालयले आयात गरेको ७२" × ३६" × ३" साईजको २५० थान रवराइज्ड क्वायर म्याट्रेसको पैठारीमा लाग्ने अतिरिक्त भन्सार महशूल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी आजैका मितिदेखि विदेशबाट नेपाल अधिराज्यभर रोग लागेका माछा र माछाका भूरा आयात गर्न नपाउने गरी नियन्त्रण गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।